## सायल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## दुदिलेगडा, डोटी

गाउँ सभामा प्रस्तुत गरिएको

# आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम

मिति : २०८१ असाढ १० गते

**गाउँसभामा प्रस्तुत मिति : २०८१ असाढ १० गते ।**

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित छु । आजको यस महत्वपूर्ण ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवम् सामाजिक परिवर्तन तथा समय सापेक्ष युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज तथा शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

अब म सायल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि गाउँ कार्यपालिका बाट पारित भई गाउँसभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान २०७२ को धारा २२१ अनुसार स्थानीय तहको व्यवस्थापकीय अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएको गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयारीको ढाँचालाई अनुसरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमालाई आधार लिएको छु । शहस्राब्दी तथा दिगो विकास लक्ष्य हाँसिल गर्नमा अग्रसर हुँन, सायल गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु संग समेत समन्वय, साझेदारी तथा सहकार्य गरी अगाडी बढ्ने नीति अवलम्बन गर्दै यस वर्षको सायल गाउँपालिकाको क्षेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक क्षेत्र**

**(क) कृषि तथा पशुपालन**

(१) सायल गाउँपालिकाका अधिकांश जनताहरुको मूख्य पेशा भनेको कृषि हो । कृषि क्षेत्रको विकासको लागि सो क्षेत्रमा लगानी आवश्यक छ । त्यसैले कृषि सडक, सिचाई सुविधा विस्तार, व्यावसायिक तालिम, प्राविधिक सहयोगको क्षेत्रमा लगानी गरिनेछ । कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण गर्दै यसलाई सम्मानित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरिनेछ ।

(२) यस आर्थिक वर्ष २०८१/०८२ मा कृषि क्षेत्रलाई प्राथमिकतामा राखी यसको माध्यमबाट समृद्धिको बाटोतर्फ प्रस्थान गरिनेछ । क्षेत्रगत बढी उत्पादन हुने रैथाने वाली सागपात तथा फलफुलको पकेट क्षेत्र कायम गरी कृषि क्षेत्रमा विशेष लगानी गरीने छ । निर्वाहमुखी कृषी लगानीलाई परीवारको दिगो जिविकोपार्जनको रुपमा विकास हुने किसिमको कार्यक्रम बनाईने छ ।

(३) स्थानिय रुपमा उत्पादन भएको कृषि उपजको बजारको सुनिश्चितताका लागी निजी क्षेत्र गैर सरकारी क्षेत्र सहकारी संस्था लगाएतका संघ संस्था संग आवश्यक समन्वय गरि रस्ट्रीक स्टोरको ( संकलन केन्द्र) स्थापना गरिने छ ।

(४) समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि "घरबारी व्यवस्थापन र आय आर्जन जस्ता क्रियाकलापहरुमा जोड गर्ने , गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति ल्याइनेछ । साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

(५) व्यवसायीक रुपमा आलु उत्पादक किसानहरुलाई बजारको सुनिश्चिततताका लागि ढुवानीमा अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

(६) अर्गानिक तरकारी खेतीको प्रवर्द्धन र विकासमा टेवा पुग्ने गरि कार्यक्रम संचालन गरिनेछ ।

(७) स्थानिय भूगोल र माटो अनुसारको वाली तथा विरुवाहरु लगाउनको निमित्त माटो परिक्षण शिविर सञ्चालन गरिने छ ।

(८) प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपले कार्यन्वयन गरिने छ ।

(९) स्थानीय स्तरमा सम्पूर्ण कृषकलाई अधिकतम् छिटो, छरितो, सस्तो र गुणस्तरीय सेवा तथा लाभ दिई जिविकोपार्जनमा सुधार गर्न एक वडा एक कृषि प्राविधिक राख्ने नितिलाई निरन्तरता दिइने छ ।

(१०) हरेक वर्ष किसानले जमिनमा लगाएको बाली प्राकृतिक प्रकोप तथा जंगली जनावरले नष्ट पु¥याई किसानहरु निरुत्साहित भइरहेको अवस्थामा बाली बिमा तथा पशुपन्छी बिमा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

(११) बाली संरक्षण सेवा पोलीहाउस, सानासिचाई, प्राविधिक सीप विकास तालिम, बिउँ विरुवा वितरण कार्यक्रम मार्फत कृषिकार्यमा प्रोत्साहन गर्ने नितिलाई निरन्तरता दिइने छ ।

(१२) कृषि सम्बन्धि पालिका स्तरिय तथ्यांक अध्यावधिक गरिनेछ ।

(१३) किसान सूचिकण कार्यक्रमलाई निरन्तरता दिदै  वर्गीकरण सहितको किसान पचिय पत्र वितरण गरिनेछ ।

(१४) फलफुल तथा मसला वाली खेतीलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

(१५)  पशुजन्य उत्पादन बृद्धि गर्न कृतिम गर्भाधान मार्फत पशु नस्लसुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

(१६) पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतबारीका डिल, कान्ला तथा खेर गइरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा डाले तथा भुईघास लगाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(१७) नियमित पशु स्वास्थ्य शिविर सञ्चालन गरि गाउँघरमा पशुमा देखीने रोग नियन्त्रण गरिनेछ ।

(१८) स्थानीय स्तरमा दुग्धजन्य उत्पादनको संकलन प्रशोधन र बिक्रीवितरणको लागि डेरी उद्योग स्थापनामा सहजिकरण गरिने छ ।

(१९) भैसी पालक व्यवसायीहरुलाई अनुदान मार्फत सहयोग गरिने छ ।

(२०) कृषि विकासमा संलग्न निकाय, संस्थासंग समन्वय र सहकार्य गरी कृषि विकासमा एकद्वार प्रणालीलाई अगाडी पढाईने छ ।

(२१) उच्च मुल्यका कृषि उपजहरुलाई एक गाउँ एक उत्पादनको रुपमा व्यवसायीकरण गरिनेछ ।

(२२) ट्राउट माछापालन व्यवसाय गर्ने उद्यमीलाई प्रोत्साहन गर्नुका साथै माछा पालन व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।

(२३) बाझो जमिन उपयोग गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**(ख) उद्योग तथा वाणिज्य**

(१) यस गाउँपालिकामा औधोगिक क्षेत्र स्थापना, सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

(२) विगतका वर्षहरुमा दिईएका सिपमुलक तालिमहरुका लागि पुनर्ताजकी तालिमको प्रवन्ध गरी पारीवारीक  आयआर्जन सग जोडिने छ ।

(३) आ. व. २०७९।०८० र आ व २०८०।०८१ मा वडा न ३ मा सञ्चालन भएको अल्लो वाट कपडा, झोला आदी वुन्ने तालिमलाई समुह मार्फत साना उद्योगका रुपमा दर्ता गरि सो को विकास गरिने छ ।

(४) स्थानीय स्तरमा पाउरोटी, चाउमिन, होजियारी सिलाई कटाई, हातेकडाई, बुनाइ मैनवत्ति साबुन नमकिन निर्माण, जस्ता साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीतिलाई निरन्तरता दिईने छ ।

(५) गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता र नविकरण कार्यलाई व्यवस्थित गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

(६) स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।

(७) उद्योग व्यवसाय विस्तारका लागी सार्वजनीक, निजी सहकारी संगको सहकार्यमा जोड दिईनेछ ।

(८) परम्परागत पेशालाई आधुनिकीकरण गरि साना उद्योगको रुपमा विकास गरिने छ ।

(९) अल्लो, केतुकी (राम्बाँस), बडु, बाँस, निङ्गालो जस्ता बस्तुहरुको उचितप्रयोग गरी स्थानीय स्तरमा साना लघु उद्योगको स्थापना कार्यमा जोडदिइ बजारिकरणलाई व्यवस्थित गरिने छ ।

(१०) सायल गाउँपालिका वडा नं. ३ मा रहेको साना लघु जलविद्युत आयोजनालाई सञ्चालनलाई निरन्तरता दिईने छ ।

(११) सबै खालका उद्यम र व्यवसाय सञ्चालान गर्न गाउँपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

(१२) सिपमूलक तालिमको व्यवस्था गरी सीप अनुसारको रोजगार व्यव्स्थापन गर्ने नीति ल्याईने छ ।

(१३) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी सृजनागरी वेरोजगारी न्यूनिकरणको पहल गरिनेछ ।

**(ग) पर्यटन/सस्कृती**

(१) पर्यटकीय विकासको लागी सायलको संस्कृती र भौगोलिक विविधता अध्ययन गरि विभिन्न माध्यमवाट प्रसार प्रचार गरिने छ ।

(२) वडा नं. ३ मा रहेको प्रसस्त पर्यटकीय सम्भावना बोकेको भेलछडा झर्ना सम्म पुग्ने पदमार्ग निर्माण कार्यलाई थप व्यवथित गरिने छ ।

(३) वडा नं. ५ मा रहेको अशुद्धाला क्षेत्रलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गरि सो को प्रदेश स्तरमा प्रचार प्रसार गरि पर्यटन व्यवसायको प्रब्रद्धन गर्ने निति लिईने छ ।

(४) सायल गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय धार्मिक स्थल, भाषा शैली पर्व, संस्कृति लोकभाका संरक्षण हुने किसिमको वृतचित्र तयार पारि अभिलेख राखिने छ ।

(५) गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन विकास समिति गठन गरी उपयुक्त स्थलहरुको पहिचान, विकास र उपयोगको सहयोग पुग्ने गरी प्राकृतिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रवद्धन र पूर्वाधार विकासमा तालमेल मिलाई सुविधाहरु विस्तार गर्दै त्येसवाट सृजना हुने अवसरहरुको लाभ स्थानीय जनताले पाउने गरी योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

(६) स्थानीय धार्मिक स्थलको संरक्षण र संर्वद्धन गर्ने नीतिलाई अगाडी वढाईने छ ।

(७) मालिका, भेलछडा, धनेछडा, झिग्रेना, अश्वाला, चैरिषी लेक, गोले देउला जस्ता ऐतिहासिक क्षेत्रलाई पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निर्माण गरीने छ ।

(८) खेलकुद पर्यटनमा जोड दिईने छ ।

(९) स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेला, महोत्सवलाई प्रोत्साहन र व्यवस्थित गरिनेछ ।

**(घ) सहकारी**

(१) गाउँपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादन मुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्ने नीतिलाई अगाडी वढाईने छ ।

(२) सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुदण्डको रुपमा विकास गर्दै लगिने नीति लिइनेछ ।

(३) उत्पादन र आम्दानीका क्रियाकलाप सहकारी मार्फत सहकार्य गरेर लैजाने नीतिलाई अगाडी वढाईने छ ।

(४) स्थापना भइ सञ्चालनमा रहेका सहकारीहरुलाई आवश्यक अनुगमन नियमन तथा कार्यप्रगतिको आधारमा मुल्याङ्कन गरिने छ ।

(५) सायल गाउँपालिका सहकारी ऐन, २०७४ लाई समय सापेक्ष संसोधन गरि कडाईका साथ लागु गरिने छ ।

**(ङ) वित्तिय क्षेत्र**

(१) बैंक तथा वित्तीय संस्थाको सेवाप्रवाहलाई प्रभावकारी बनाउन ति क्षेत्रहरुसंग सहकार्य गरिनेछ ।

(२) सवैको वित्तिय संस्थासंग सहज पहुँच नीतिलाई अवलम्वन गरिनेछ ।

(३) वित्तिय संस्थाले गाउँपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न गाउँपालिकाको स्विकृती अनिवार्य लिनुपर्ने व्यवस्था गरिने छ ।

(४) सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा बितरण गर्न वित्तिय संस्थाहरुसंग समन्वय गरी घुम्ती बैंक संचालन तथा वडा नं. १ र वडा नं. ६ वाहेक भौगोलिक दुरिका आधारमा BLB स्थापनाका लागि पहल गरीने छ ।

(५) वित्तीय साक्षरता शिक्षामा सबैको पहुँच पुऱ्याइने नीतिलाई निरन्तरता दिईने छ ।

**(२) सामाजिक विकास**

**(क) शिक्षा**

(१) नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरीसकेको परिप्रेक्षमा गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन शैक्षिक योजना तथा कार्यकमहरुलाई निरन्तरता दिईने छ ।

(२) सामुदायिक विद्यालयका बाल कक्षा देखी २ सम्म सिकाइका आधारभूत कुरा राखि वाल पेन्टिग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(३) तालिम तर्फ पाठ्यक्रम प्रवोधिकरण, प्र.अ. व्यवस्थापन, IEMIS र वाल विकास सहजकर्ताका लागि क्षमता अभिवृदि तालिमको व्यवस्था गरीनेछ ।

(४) गुणस्तरीय शिक्षाका लागि योगदान पुऱ्याएका शिक्षक, प्र अ, वि व्य स लाई मापदण्डका आधारमा प्रोत्साहन स्वरुप पुरुस्कृत गरीनेछ ।

(५) शैक्षिक क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाका कार्यक्रमहरु सबै वडामा विस्तार गर्न पहल गरीनेछ ।

(६) गाउँपालिका स्वास्थ्य शाखा संग समन्व गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्दै प्रत्येक विद्यालयमा प्राथमिक उपचार वाकस, स्ट्रेचरको व्यवस्थाका लागि पहल गरीनेछ ।

(७) समग्र शिक्षा प्रणालीको व्यवस्थापनमा सुधार गर्न शैक्षिक सम्मेलनको आयोजना गरिनेछ ।

(८) व्यवसायिक तथा प्राविधिक शिक्षामा विद्यार्थि भर्ना र पहुँच बढाउन विद्यालय सँग आवश्यक समन्वय गरीने छ ।

(९) पालिका स्तरीय कक्षा ५ को परीक्षा लाई पनि सोहि प्रणाली अर्न्तगत सञ्चालन गर्न कार्यविधि बनाई थप व्यवस्थित गरीनेछ ।

(१०) विद्यालयमा सिक्दै सिकाउँदै निति अपनाउदै फुलवारी, वृक्षारोपण तथा विद्यालय सरफाइमा जोड दिईनेछ ।

(११) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सबै वालवालिकालाई सहभागी गराउन विद्यालय वाल क्लव मार्फत गर्न प्रोत्साहित गरीने छ ।

(१२) पालिका अर्न्तगतका वालविकास सहजकर्ताहरु र लेखापालहरुको विनियोजित वजेटको परीधि भित्र रहि तलव वृद्धी गरीनेछ ।

(१३) सार्वजिक पद धारण गरेका व्यक्ति, शिक्षक, कर्मचारीका वालवालिकाहरुलाइ समुदायिक विद्यालयमा भर्ना गर्ने नीति लिईने छ ।

(१४) प्र.अ. नियुक्ति, शिक्षक सरुवा र शिक्षकको दरवन्दी मिलानको प्रक्रिया अगाडि वढाइनेछ ।

(१५) विद्यालयहरुमा शिक्षण सहजकर्ताको रुपमा नियुक्त गरिएका शिक्षकहरुको परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(१६) शिक्षामा समता रणनीति भित्र रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

(१७) शैक्षिक गुनासाहरु सुनी समाधान गर्न शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालयहरुमा शैक्षीक सुझाव पेटीकाहरुलाई थप व्यवस्थित गरिने छ ।

(१८) विद्यालय दिवा खाजा वालवालिकाको स्वास्थ्य तथा शुक्ष्म पौष्टिक तत्वलाइलाई ध्यानमा राखी पालिका स्तरीय खाजा मेनु बनाइ लागु गरीनेछ ।

(१९) विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभाकारी तथा व्यवस्थापन गर्न १ जना दिवा खाजा व्यवस्थापन सहज कर्तालाई निरन्तरता दिईने छ ।

(२०) विद्यालयको स्थलगत अनुगमन/निरिक्षणमा जोड दिइने छ ।

(२१) सामुदायिक अध्ययन केन्द्रहरुलाई थप प्रभावकारी ढङगले अगाडी बडाईने छ ।

(२२) सामुदायिक विद्यालयका छात्राहरुलाई प्रयाप्त रुपमा नि : शुल्क सेनिटरी प्याड वितरणको व्यवस्थालाई थप व्यवस्थित गरिने छ ।

(२३) आवश्यकताका आधारमा विद्यालयहरुमा थप सहजकर्ताहरु थप गरिने छ ।

(२४) विद्यालय खेलकुद कार्यक्रमलाई जोड दिइनुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीतालाई थप व्यवस्थित गरिने छ ।

(२५) एक वडामा एक विद्यालयलाई नमूना विद्यालय छनौट गरि आवश्यक व्यवस्थापन गरिने छ ।

(२६) टुहुरा, गरिव, सिमान्तकृत, दलित लगायतका बालबालिकाको पहिचान गरि शिक्षामा समता रणनितिक योजनालाई अद्यावधीक गरि नि : शुल्क शैक्षिक सामाग्री वितरणको व्यवस्था गरिने छ ।

(२७) आर्थीक अवस्था कमजोर भएका प्राविधीक तर्फको उच्च शिक्षा हासिल गर्न चाहने गरिब, दलित तथा जेहेन्दार २ जना बालबालिकालाई पठन पाठनमा सहयागे गरिने छ ।

(२८) पालिका भित्र SEE परिक्षा र पालिका स्तरिय कक्षा ५, ८ र १२ मा सर्वोउत्कृष्ट GPA ल्याउने १ छात्र १ छात्रालाई पुरस्कृत गरिने छ ।

(२९) पालिका अन्तर्गतका विद्यालयहरुका लागी अनुगमन तथा मूल्याङ्कन गर्न विज्ञ सहितको समिति गठन गरिनेछ ।

(३०) परिक्षणको रुपमा सायल गाउँपालिकाका सामुदायिक विद्यालयमा लागु गरिएको स्थानिय पाठ्यक्रमलाई निरीक्षण, अनुगमन र सुझावका आधारमा समय सापेक्ष संसोधन गरिने छ ।

(३१) नियमावलीमा व्यवस्था भए अनुसार विद्यालयहरुका वार्षिक उत्सव मनाउने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

(३२) गाउँपलिकाद्वारा लागु गरिने शैक्षिक नीति तथा कार्यक्रममा संस्थागत विद्यालयहरुलाई अनिवार्य रुपमा समावेश गरिने छ ।

(३३) विद्यालयहरुमा मनाईने शिक्षासंग सम्वन्धित दिवसहरुमा स्थानिय कला, संस्कृती संरक्षण हुने खालका क्रियाकलाप गर्न विद्यालयहरुलाई प्रोत्साहित गरिने छ ।

(३४) कुनै शिक्षकको दुर्घटना भई तथा दिर्घरोग लागी उपचारमा आर्थिक समस्या भएमा सहयोगार्थ एक छुट्टै "शिक्षक कल्याणकारी कोष" को व्यवस्थापन गर्न कार्यविधि बनाई लागु गरिने छ ।

(३५) आवश्यकता तथा अनुगमन प्रतिवेदनका आधारमा बालविकास थप गर्ने नीति ल्याईने छ ।

(३६) विद्यालय नक्साङ्कन गरी विद्यालयको अभिलेख व्यवस्थापन गरिनेछ ।

**(ख) स्वास्थ्य**

(१) तोकिएका स्वास्थ्य संस्थावाट गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच पुग्ने गरि निःशुल्क आधारूत स्वास्थ्य सेवाको सुनिश्चितता गरीनेछ ।

(२) डौड स्वास्थ्य चौकिको १० शैया अस्पतालको भवन निर्माण कार्य अगाडि वढाईने छ । साथै आवश्यकता अनुसार आधारभूत स्वास्थ्य इकाइ, सामुदायिक स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्यमा पहल तथा पूर्णता दिईने छ ।

(३) महिला स्वास्थ्य स्वयम् सेविकालाई कामको आधारमा प्रोत्साहान गर्ने साथै महिला स्वास्थ्य स्वास्थ्य स्वयम् सेविका नभएको टोल वस्तिमा महिला स्वयं सेविका राख्ने नीति अवलम्वन गरीने छ ।

(४) भौगिोलिक दुरी टाढा भएका वस्तीमा घरमा हुने सुत्केरी संख्या घटाउन शुन्य होम डेलिभरी बनाउन दुर्गम वस्ती भएका समुदाय तथा प्रत्येक वडामा ब्रर्थीङ सेन्टर संञ्चालन गरिने छ । भौगोलिक विगटता भएका समुदायमा सामुदायीक स्वास्थ्य इकाई केन्द्र स्थापना गरिने छ ।

(५) स्वास्थ्य क्षेत्रमा सरकारी , निजी तथा गैर सरकारि क्षेत्र बिचको सहकार्य तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजि आन्तरिक तथा वाह्य लगानी लाई प्रोत्साहन एवं संरक्षण गरिने छ ।

(६) स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या , भूगोल र स्थानीय संरचना अनुरुप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ ।

(७) जलवायु परिवर्तन, माहामारी नियन्त्रण तथा अन्य सरुवा रोग नियन्त्रणका लागी प्रतिकार्य टिम गठन गरि समाधानको उपाय अपनाइने छ ।

(८) पोषणको अवस्थालाई सुधार गर्न मिसावटयूक्त तथा हानीकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्य वर्धक, खाद्यपदार्थको प्रवर्धन ,उत्पादन,प्रयोग र पहुँचलाई विस्तार गरिने छ ।

(९) स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री वनाई एकिकृत स्वास्थ्य सुचना प्रणालीको विकास गरिने छ । स्वास्थ्य सम्वन्धि सूचनाको हक तथा सेवाग्राहीको उपचार सम्वन्धी जानकारी पाउने हकको प्रत्याभुती गरिने छ ।

(१०) सायल गाउँपालीकामा आखाँ उपचार केन्द्र सेवालाई निरन्तरता दिदै त्यसको विकास तथा विस्तार गरिने छ ।

(११) स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिने छ ।

(१२) सुरक्षित मातृत्व , बाल स्वास्थ्य, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिने छ ।

(१३) संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि स्वास्थ्य सेवा विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण ,जल प्रदुषण लगायतका वातावरणीय प्रदुषणका साथै खाद्यान्न प्रदुषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिने छ ।

(१४) सायल गाउँपालीका अन्तरगत ब्रथींङ सेन्टर नभएको स्वास्थ्य संस्थाहरुमा ब्रथिङ्ग सेन्टर स्थापना गर्ने र भवन नभएका स्वास्थ्य संस्थामा भवन निर्माणका लागी पहल गरिने र आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

(१५) गाउँपालीका स्तरमा गर्भवती महिला हरुलाई स्वास्थ्य संस्थामा पुऱ्याउनका लागी निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिने नितिलाई निरन्तरता दिईनेछ । गाउँ पालिकाको एम्बुलेन्स उपलब्ध नभएको अवस्थामा गर्भवति आमाहरुलाई स्वास्थ्य संस्थाहरुमा पठाउनको निमित्त वैकल्पिक साधनको व्यवस्था गरिनेछ ।

(१६) स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य इकाईमा आवश्यक पर्ने औषधि आपुर्ति गरिने छ ।

(१७) प्रत्येक वडामा सुरक्षित गर्भ पतन सेवालाइ विस्तार गरिने छ ।

(१८) प्रत्येक वडामा DOTS सेवा केन्द्र संञ्चालन गरिने छ ।

(१९) स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या , भूगोल र स्थानीय संरचना अनुरुप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दे स्वास्थ्य सेवालाई व्यवस्थीत गरिने छ ।

(२०) एकिकृत स्वास्थ्य घुम्ति शिविर सञ्चालन गरिने छ ।

(२१) महिला स्वास्थ्य स्वयं सेविकालाई वार्षिक रुपमा प्रोत्साहन दिईनेछ ।

(२२) गाउँघर क्लिनिक नभएका ठाउँमा गाउँघर क्लिनिक सञ्चालन गरिने छ ।

(२३) सुनौला १००० दिनका आमाहरुलाई पोषयुक्त खानेकुराको लागी नीतिगत व्यवस्था गरिने छ ।

(२४) आधारभूत स्वास्थ्य सेवा केन्द्र सायल ५ देवारमाण्डौमा ल्याव प्रयोगशाला सेवा सञ्चालन गरिनेछ ।

(२५) जेष्ठ नागरिकसंग जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ ।

(२६) HIV संक्रमितहरुलाई औषधी वितरण गर्न ART केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

(२७) स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष जोड दिईनेछ ।

(२८) लागु औषद तथा स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२९) सुत्केरी संग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरिनेछ ।

(३०) डौड स्वास्थ्य चौकीमा विशेषज्ञ चिकित्सकको व्यवस्था गरिनेछ ।

(३१) गर्भवतिको नियमित तथा सुत्केरी चेकजाँचका लागी भिडियो एक्सरे सेवा विस्तारका लागि पहल गरिनेछ ।

(३२) मानसिक सम्बन्धि रोग भएका व्यक्तिहरुको उपचारका लागि विशेष व्यवस्था गरिनेछ ।

**(ग) खानेपानी, सरसफाई तथा स्वच्छता (वास)**

१. दिगो विकासको लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुरक्षित खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता इकाई (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरु योजनालाई समिक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्थालाई गाउँपालिकामा लागु गरिने छ ।

३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्म सम्मानको रक्षा गर्न गाउँपालिकाले आवश्यक नीति बनाइ लागु गर्ने छ ।

४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका बमोजिम पूर्ण सरसफाइयुक्त एवम् छाउ गोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्ने कार्यलाई अगाडी बढाईने छ ।

(५) गाउँपालिका भित्र सम्पन्न भई संचालनमा रहेका खानेपानी तथा सरसफाई योजनाहरुलाई संस्थागत गर्न उपभोक्ता समिति दर्ता गर्न पहल गरिनुका साथै टोल स्तरमा पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गरी पूर्ण सरसफाईयुक्त योजना/टोल घोषणा गर्ने अभियानको रुपमा सुरुवात गरिने छ ।

(६) फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई दण्ड र जरीवानालाई प्रभावकारी वनाईनेछ ।

(७) खानेपानिको दीर्घकालिन मुहान संरक्षणका लागि वृक्षारोपण कार्यक्रम घेरवार र तटवन्धन जस्ता कार्यक्रम लागु गरिने छ।

(८) एक घर एक धाराको नीति अवलम्बन गर्न गुरुयोजना तयार गरिनेछ।

(९) खानेपानी मर्मत सम्भार कोषको स्थापना गरिनेछ।

**(घ) खेलकुद**

(१) स्वस्थ्य तथा अनुशासित नागरिक समाजको सिर्जना गर्न खेलकुद विकासलाई निरन्तरता दिईने छ।

(२) गाउँपालिका भित्र हाल भएका खेल मैदानहरुको स्तरोन्नती गर्दै १ वडा १ खेलकुद मैदान निर्माण गरी ६ वटै वडामा खेलकुद मैदानको विकास गरिने छ।

(३) प्रत्येक बर्ष गाँउपालिका स्तरमा खेलकुद प्रतियोगिताको आयोजना गरिने छ।

(४) सामुदायिक बिद्यालयका खेलकुद मैदानको स्तरोन्नती गरिने छ।

(५) गाउँपालिका अन्तर्गका खेलाडीहरुको प्रतिभा पहिचान गरि प्रदेश, राष्ट्रिय स्तरका खेलकुदमा सहभागी गराईने छ।

## (□ ) सामाजिक सुरक्षा

(१) सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग सेवा मार्फत वितरणको व्यवस्थालाई निरन्तरता दिईने छ।

(२) महिला हिंसा न्यूनीकरण र लैङ्गिक विभेदको अन्त्य गर्न गाउँपालिकामा छुट्टै संयन्त्रको विकास गरिने छ।

(३) अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातीय भेदभावको अन्त्य गर्ने नीति लिईने छ।

(४) अपाङ्गता भएका व्यक्ति, दलित र असाहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चितता गरिनेछ।

(५) ज्येष्ठ नागरिक सम्मानको लागि तिनको क्षमता र अनुभवलाई पुँजिका रुपमा प्रयोग गर्ने नीति ल्याईने छ।

(६) जेष्ठ नागरिकको सम्मान, मर्यादित जीवनका लागि गाउँपालिका वाट छुट्टै नीति ल्याउने तथा सरकारी गैर सरकारी निकायसंग आवश्यक समन्वय गरिने छ।

**(च) महिला**

(१) महिलाहरुको सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सिप क्षमता अभिवृद्धिका लागी विशेष योजना बनाई कार्यान्वयन गरिनेछ।

(२) लैङ्गिक हिंसा, घरेलु हिंसा मानव बेचबिखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न र लैङ्गिक तथा घरेलु हिंसा पिडीत महिलाहरुलाई आवश्यक सहयोग गर्ने नीति लिईनेछ। अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध विभिन्न दिवशहरु प्रभावकारि रुपमा संचालन गरिनेछ।

(३) महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागीताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ।

(४) उपाध्यक्षसंग महिला कार्यक्रमलाई प्रभावकारी बनाईने छ।

(५) दीर्घरोगी पिडीत महिलालाई विशेष न्याय र राहत दिने व्यवस्था गरिने छ।

(६) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा निर्माण भएका नियम कानुनहरुको यस गाउँपालिकामा पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

(७) वडाहरुमा गठन भएका महिला सञ्जालहरुलाई महिलाको हकहितका क्षेत्रमा उचित परिचालन गरिनेछ।

(८) महिला तथा स्त्रीरोग सम्बन्धि घुम्ती शिविर सञ्चालन गरिनेछ ।

**(छ) दलित**

(१) दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि हरेक वडा स्तरमा दलितहरुको आय आर्जनको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(२) परम्परागत पेशालाई आधुनिक प्रविधियुक्त बनाइ बजार प्रबर्द्धन गर्न सघाउ पुऱ्याउने खालका आय आर्जनमुखी कार्यक्रम ल्याइनेछ ।

(३) मुक्त हलिया परिचय पत्र वितरण गरिनेछ ।

(४) जातिय विभेद अन्त्यका लागि वडा देखी पालिका सम्म जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(५)** स्थानीय कला संस्कृति तथा लोक बाजाहरुको संरक्षण सम्वर्द्धन गरिनेछ ।

(६) बादी समुदायहरुका लागि सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ज) बालवालिका**

(१) बालबालिकाको विकासका लागि बालमैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानीय शासनका लागि आवश्यक सूचकहरु पुरा गर्न पहल गरिनेछ ।

(२) बालश्रम निवारणका लागि गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

(३) दृष्टि विहिन भएका बालबालिकाहरुका लागि विशेष कार्यक्रम बनायर लागु गरिनेछ ।

(४) बालमैत्री तथा अपाङ्गमैत्री वातावरणको व्यवस्था गरिने छ ।

(५) हरेक सार्वजनिक निर्माण वालमैत्री हुनुपर्ने नीति अवलम्वन गरिने छ ।

(६) आमा वुवा दुवै नभएका टुहुरा बाववालिकाको तथ्याङ्क संकलन गरि उचित व्यवस्थापन गरिनेछ ।

(७) अपाङ्ग भएका बालबालिकालाई अपाङ्गताको स्तर हेरी आवश्यक व्यवस्थापन गर्ने नीति ल्याईनेछ ।

(८) बालवालिका सम्वन्धि ऐन २०७५ अनुसार स्थानीय तहमा बालअधिकार समिति गठन, परिचालन, बालकोष मार्फत विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(९) बालश्रम मुक्त स्थानीय तह घोषणाको लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(झ) स्थानीय रोजगार सेवा**

(१) देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।

(२) स्थानीयतहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालन गरी न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूती कार्यलाई निरन्तरता दिईने छ ।

(३) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरीक रोजगारीको प्रबर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई तालिम दिइनेछ ।

(४) संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै स्थानीय तहमा रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

(५) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

(६) श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यावसायिक वित्तिय क्षेत्रमा रोजगारीको सिर्जना गर्ने किसिमको नीति लिईने छ ।

(७) रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी रुपमा संचालन गर्न रोजगार सेवा केन्द्र सूचना प्रणालिको स्थापना गरिने छ ।

(८) कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनका लागी विशेष नीति ल्याईने छ ।

(९) यस गाउँपालिका भित्र बसोवास गर्ने अति विपन्न परिवारको पहिचान गरी स्वरोजगारका कार्यक्रममा प्राथमिकताका साथ संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

**(३) पूर्वाधार विकास**

**(क) सडक**

(१) मेल्लेख पातिहाल्ने सडकको स्तरोन्नती तथा कालोपत्रेका लागि संघ तथा प्रदेशमा पहल गरिनेछ ।

(२) केरावारी झिग्राना सडकलाई कालोपत्रे गर्न पहल गरिनेछ ।

(३) सायल गाउँ पालिका भित्र रहेका मुख्य र सहायक सडकहरुको स्तरोन्नती गरिनेछ ।

(४) योजनाहरुको सम्झौता गर्नु भन्दा अघी प्रारम्भिक सर्वेक्षण पश्चात बजेटको सुनिश्चितता गरिनेछ ।

(५) सडक पहुँच नपुगेका वडाका टोलहरुमा थप सडकका लागि नँया ट्र्याक खोलिनेछ ।

(६) स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोन्नती गरिनेछ ।

(७) सबै खाले सडकको तलमाथी छेउ छाउमा वृक्षारोपण गरि हरियाली सडकको नीतिलाइ निरन्तरता दिईने छ ।

(८) ओडवाटा साप्रा सडकलाई साप्रा टोल सम्म विस्तार गरिनेछ ।

(९) धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्र अशुद्धाला देखी छपाली जाने वाटो सम्म सडक विस्तार गरिनेछ ।

(१०) घोरेटो बाटो मर्मत संभार र निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

(११) सडक गुरुयोजना निर्माण गरिनेछ ।

(१२) योजना निर्माण सम्पन्न पश्चात पनि अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण गरिनेछ ।

(१३) पालिका भित्र रहेका सडक मर्मतका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**(ख) सिचाई**

(१) लिफ्ट सिचाईको प्रविधिमार्फत विकास र उपयोग गर्ने नीति अबलम्वन गरिनेछ ।

(२) पुराना सिचाई कुला तथा नहरहरुलाई मर्मत संभार गरिने छ ।

(३) सायल गाउँपालिका स्तरीय जलउपयोग गुरु योजनाको अद्यावधीक गरि पानीको स्रोत तथा उपयोगको आधारमा सिचाई कुलो र नहर निर्माण गरिनेछ ।

**(ग) भवन तथा शहरी विकास**

(१) वडा कार्यालयहरु र विषयगत क्षेत्रका कार्यालयहरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

(२) राष्ट्रिय भू-पयोगको नीति लागु गरि आवास निर्माणलाई सुरक्षित बनाउने कार्यमा जोड दिईनेछ ।

(३) घर नक्सापासलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

(४) नयाँ घर गाउँपालिकाको अनुमति लिएर नक्सापास गरेर मात्र घर बनाउने नीति अवलम्बन गरिनेछ

(५) सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिईनेछ ।

(६) नेपाल सरकार अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने पुर्वाधार जस्तै प्राविधिक शिक्षालय धार्मिक तथा पर्यटकीय पुर्वाधार निर्माणमा पहल गरिनेछ ।

**(घ) संचार**

(१) गाउँपालिका भित्रका ग्रामीण क्षेत्र सम्म गुणस्तरीय Internet सेवा दिनको लागी 4G सेवा विस्तार गर्न पहल गरिनेछ ।

(२) गाउँपालिका कार्यालयको वार्षिक बुलेटिन प्रकाशन गरिनेछ ।

(३) गाउँपालिकावाट प्रवाह हुने सेवालाई अनलाईन प्रविधिमा जोडिने व्यवस्था मिलाईनेछ ।

(४) सञ्चार माध्यमहरुको संस्थागत र समतामुलक विकासका लागी स्थानिय सञ्चार माध्यम प्रर्वद्धन कार्यक्रम लागु गरिने छ ।

**(ङ) वैकल्पिक उर्जा, साना जलविधुत सहित**

(१) वैकल्पीक उर्जाको अध्ययन र विकासका साथै गाउँवस्ति सम्ममा विस्तार गरिने छ ।

(२) ग्रामीण वस्तीमा गोवर ग्याँसको प्रयोग र उपयोगमा जोड दिईने छ ।

(३) केन्द्रिय प्रशारण लाइनलाई प्रत्येक गाउँ वस्तीमा विस्तारका लागि विशेष पहल गरिनेछ ।

(४) सायलीगाड तेस्रो लघुजलविधुत आयोजनालाई यस गाउँपालिकाको स्वामीत्वमा रहने गरी संचालनमा विशेष नीति अवलम्वन गरिनेछ ।

(५) विद्युतको सुविधा नपुगेका वडा नं. १ र ३ का टोल तथा वस्तिहरुमा विद्युत सुविधा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

**(४) वातावरण तथा विपद व्यवस्थापन**

**(क) वन तथा भू-संरक्षण**

(१) बढ्दो वन बिनासको लागि नियन्त्रण र भूसंरक्षणमा जोड दिइने छ ।

(२) वन संरक्षणमा सवैको सहभागिता जुटाइनुका साथै सामुदायिक वन उपभोक्ता समितिलाई सक्रीय बनाउने नीति अवलम्बन गरिने छ ।

(३) प्रत्येक घरधुरीमा सुधारिएको चुलो प्रयोग गर्नका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

(४) सार्वजनिक प्रति वाटो, चौतारा, परम्परागत धार्मिक पर्यटकीय खुला क्षेत्रको सिमाङ्कन गरि वनको संरक्षण गरिनेछ ।

(५) सामुदायिक वन उपभोक्ता समितिको क्षमता बिकासमा जोड दिइ अझ बढी जिम्मेवार बनाइने छ ।

(६) जनताको वन, जनताको धन अवधारणा विकास गरिने छ ।

(७) भू-संरक्षण नीतिको यस गाउँपालिकामा पूर्ण कार्यान्वयन गरिने छ ।

(८) नाङ्गा र खाली डाँडाकाँडा तथा सबै भू-भागमा वृक्षारोपण गरी हरियाली गाउँपालिकाको रुपमा चिनाइने छ ।

**(ख) जलवायु पविर्तन**

बढ्दो जलवायु परिवर्तनबारे गाउँपालिका वासीलाई सुसुचिततुल्याई जलवायु परिवर्तन न्यूनिकरणका लागी विशेष नीति अबलम्वन गरिने छ ।

**(ग) जल उत्पन्न प्रकोप नियन्त्रण**

(१) बस्ती व्यवस्थापन, ढल निकासा लाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबैसंग सहकार्य र समन्वय गरिने छ ।

(२) तट बन्धन निर्माण कार्य गरिने छ ।

(३) जलवायु अनुकुलनका कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

**(घ) विपद् व्यवस्थापन**

(१) प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त खानेपानी तथा सरसफाईका संरचनाहरुको पुन निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । विपद् व्यवस्थापनको लागि संस्थागत संरचनाहरुलाई खोज उद्धार तथा राहत कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

(२) विपद व्यवस्थापनको पूर्व तयारी, तथा प्रतिकार्य योजना बनाई लागु गरिने छ । बाध्यात्मक रुपमा बसोबास गरीरहेका जोखिमयुक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र व्यवस्थापन गरिनेछ ।

(३) विपद् व्यवस्थापनको पूर्व तयारी वारे जानकारी गराउने संयन्त्र निर्माण गरिने छ ।

(४) प्रत्येक वडामा उद्धार, राहात पुनः स्थापना समिति गठन गर्ने नीति ल्याईने छ ।

(५) गाउँपालिकामा विपद कोषको निरन्तरता गरि प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

(६) विपद् व्यवस्थापन सम्बन्धि तालिमहरु सञ्चालन गरिनेछ ।

**(५) सुशासन तथा संस्थागत विकास**

**(क) मानव संशाधन विकास**

(१) कर्मचारी (करार) भर्नामा योग्यता प्रणाली सहित छनौटको आधार अपनाईने नीतिलाई निरन्तरता दिईनेछ ।

(२) अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता र क्षमताका आधारमा व्यवस्थपन गरिनेछ ।

(३) कर्मचारीको वृद्धि विकास र अभिवृद्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(४) अतिरिक्त काम गर्ने कर्मचारीलाई Incentive को उचित व्यवस्था गरिने छ र कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डको नीति अबलम्वन गरिने छ ।

(५) कामको मूल्याङ्कनको आधारमा उत्कृष्ट वडा, वडा अध्यक्ष, सभा सदस्य र कर्मचारीलाई बिशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

(६) कर्मचारी अनुशासनमा नरहने र पेशागत आचरण नभएकोलाई दण्ड तथा सजायको व्यवस्था गरिने छ ।

(७) कार्य सम्पादन मूल्यांकन पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

(९) नेपाल सरकार प्रशासनिक पुनः संरचना मार्फत तय भएका मापदण्ड कार्यान्वयन गरिनेछ ।

(८) कर्मचारीहरुको योग्यता र क्षमताको आधारमा उचित जिम्मेवारी व्यवस्थाप गरिने छ ।

(९) कर्मचारीलाई गाउँपालिकाले परिचालन गर्नको लागि विषयगत क्षेत्र अनुसार कार्य योजना र कार्य विवरण बनाई परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

(१०) कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईने छ ।

(११) गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको नियमन अनुगमन र मूल्यांकन प्रशासनिक तवरबाट गरि गाउँ कार्यपालिकालाई सिफारीस गर्ने नीति अवलम्वन गरिनेछ ।

(१२) गाउँपालिका कार्यालय, शाखा, वडाहरुमा आ.व. २०८१।०८२ को शुरुवात देखी विद्युतिय हाजिरीको व्यवस्था मिलाईनेछ ।

**(ख) सुरक्षा व्यवस्था**

(१) सायल प्रहरी चौकीको स्तरोन्नतीका लागि विशेष पहल गरिनेछ ।

(२) सायल प्रहरी चौकीलाई थप व्यवस्थित गर्न भौतिक व्यवस्थापनका लागि कार्यक्रम अगाडी बढाइने छ ।

(३) वडा नं. १ छपालीमा रहेको अस्थायी प्रहरी चौकीको संस्थागत सुधार गरि जनतालाइ सुरक्षाको अनुभुती गराईने छ ।

(४) समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालनमा सहजिकरण गरिनेछ ।

(५) वडा नं. ६ को दल्लेखमा अस्थायी प्रहरी चौकी स्थापना गर्नको लागि आवश्यक पहल गरिनेछ ।

**(ग) सूचना तथा प्रविधि**

(१) सूचनामा सवैको पहुँच पुऱ्याउनका लागि सञ्चारका माध्यमद्धारा प्रचार प्रसार गरिने नीति अवलम्वन गरिने छ ।

(२) अडियो भिडियो सहितको नोटिस बोर्डको व्यवस्थापन गरिनेछ ।

(३) नागरिकका गुनासो तथा सायल गाउँ पालिकाबाट प्रदान हुने सेवा तथा सूचनाहरुको वारेमा जानकारी प्रदान गर्न "HELLO अध्यक्ष" कार्यक्रम संचालन गरिनेछ ।

(४) सेवाप्रवाहमा सार्वजनिक सुनुवाइ जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद Digital नागरिक बडापत्र र विविध प्रविधिसंग जोडिनेछ ।

(५) सूचना प्रवाहमा एकद्वार प्रणाली अपनाइने छ ।

(६) सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ ।

(७) गाँउपालिकाको आर्थिक, भौतिक, सामाजिक लेखाङ्कन प्रविधियुक्त वनाइने छ ।

(८) सम्पुर्ण वडाहरुमा कम्प्युटर, प्रिन्टर, इन्भर्टर सहित गुणस्तरीय इन्टरनेटको व्यवस्था गरिनेछ ।

**(घ) लेखाङ्कन वित्तिय परिचालन**

(१) आर्थिक प्रशासन प्रविधि मैत्री वनाईने छ ।

(२) वित्तिय अनुशासन सदाचारितामा जोड दिइने छ ।

(३) पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी सेवालाई अनलाईन मार्फत थप प्रभावकारी रुपमा प्रदान गरिनेछ ।

(४) कार्यक्रमका सम्पुर्ण कामकारवाहीलाई एक कम्प्यूटर प्रणालीबाट व्यवस्थित गरिनेछ । सो को दीर्घकालिन सुरक्षामा जोड दिइनेछ ।

(५) सूचनाको हकको सुनिश्चितता गरिनेछ ।

(६) गाँउ पालिकाबाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको कार्यलाई निरन्तरता दिइ अनिवार्य बनाइनेछ ।

**(ङ) तथ्याङ्क संकलन**

(१) गाँउपालिका पार्श्व चित्रलाइ आमनागरिक सामु सर्कुलर गरिने छ ।

(२) दिर्घकालिन गुरुयोजना निर्माण गर्न विस्तृत अध्ययन गरिएका विषयको गुरुयोजना निर्माण गरिनेछ ।

(३) गाँउपालिकाको आधारभूत सर्भेक्षण गरी क्षेत्रगत गुरुयोजना निर्माणमा जोड दिइने छ ।

(४) आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइने छ ।

(५) गाउँपालिकाको नयाँ प्रोफाईल २०८१ चैत्र मसान्त भित्र तयार पारिने छ ।

**(ग) वित्तिय जोखिम र आन्तरिक लेखापरिक्षण**

(१) वित्तिय जोखिमलाई न्युनिकरण गरिने छ ।

(२) आन्तरिक लेखापरीक्षण शाखाका रहेको कर्मचारी अभावलाई पुरा गर्न आन्तरिक लेखापरिक्षक तोकी उक्त शाखालाइ व्यवस्थित गरी समय समयमा आन्तरिक लेखापरिक्षण गरी बेरुजु घटाउदै लगिनेछ ।

(३) आन्तरिक लेखापरीक्षकले नियमित कामकाज गरी नियमित रुपमा आन्तरिक लेखापरिक्षण गरिनेछ ।

**(७) विविध**

(१) स्थानिय तह संस्थागत क्षमता स्व.मूल्यांकन कार्यविधि, २०७७ ले तोकेका सूचकहरुमा उल्लेख्य सुधार ल्याई पालिकाको स्वमुल्याँकन स्तर उच्च बनाउन यथोचित प्रयास गरिनेछ ।

(२) सायल गाँउपालिकाको समग्र विकासलाई मध्यनजर गर्दै आ.व. २०८१/०८२ मा सेवाग्राहीहरुको दैनिक जनजीवनसंग जोडिएका जनताले प्रत्यक्ष महसुस गर्ने विकासका कार्यक्रमहरुको छनौट र कार्यान्बयनमा विशेष जोड दिइनेछ ।

(३) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिधि भित्र रहि राजस्व संकलन एवं व्यवस्थापन का लागि संयन्त्रको निर्माण गरिनेछ । बढी राजस्व संकलन गर्ने वडा तथा शाखालाई प्रोत्साहन गरिनेछ ।

(४) गाउँपालिका भित्रको कुनै पनि क्षेत्रमा काम गर्न इच्छुक सरकारी तथा गैर सरकारी संस्थाहरुले गाउँपालिकाको पुर्व स्विकृती लिएर मात्र कार्यक्रम सञ्चालन गर्न पाईने गरी संयन्त्र निर्माण गरिनेछ ।

(५) राजस्व सुधार कार्ययोजनाको सुझाब सल्लाहलाई कार्यान्वयन गर्दै लगिनेछ ।

(६) न्यायीक समितिको सचिवालयलाई थप व्यवस्थित गरिनेछ ।

(७) मेलमिलाप समिति, न्यायिक समितिका पदाधिकारीहरु र कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**धन्यवाद ।**